# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

चलानी नं. .................. मिति:- २०८१।७।२६

**BCA कार्यक्रम अन्तर्गत दोस्रो (२०२३) र पाँचौ (२०२१) सिमेष्टरको सत्रान्त परीक्षाको अनलाइन (Online) परीक्षा फाराम भर्ने सम्बन्धी जरूरी सूचना**

त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय डीनको कार्यालयबाट सिमेष्टर प्रणालीमा सञ्चालित Bachelor in Computer Applications (BCA) कार्यक्रम अन्तर्गत शैक्षिक वर्ष (२०२३) र (२०२१) को क्रमश: दोस्रो र पाँचौ सिमेष्टरका नियमित तथा आंशिक परीक्षार्थीहरुको सत्रान्त परीक्षा मिति २०८१ साल पुस महिनामा संचालन हुने भएकाले सम्वन्धित सबै विद्यार्थीहरुलाई मिति २०८१ साल कार्तिक २७ देखि मंसिर १७ गतेसम्म अनलाईन परीक्षा फाराम भर्नका लागि सूचित गरिन्छ ।

विद्यार्थीहरुले आफू अध्ययनरत क्याम्पस/कलेजको नाम उल्लेख गरी https://exam.tufohss.edu.np मार्फत अनलाईन आवेदन फाराम भर्न सक्ने छन् । म्याद नाघी प्राप्त हुन आएका र रीत नपुगेका आवेदन फारामहरुको आवश्यक प्रक्रिया अगाडि बढाइने छैन । यस सम्बन्धी अन्य विस्तृत विवरण यस सङ्कायको वेवसाइटवाट प्राप्त गर्न सकिनेछ ।

- **परीक्षा फाराम भर्ने समयावधि** : मिति २०८१ साल कार्तिक २७ गतेदेखि मंसिर १७ गते राति १२:०० बजेसम्म र उक्त समयावधि पछि दोव्वर दस्तुरमा २०८१ साल मंसिर २० गते राति १२:०० बजेसम्म ।
- **परीक्षा दस्तुर** : नियमिति परीक्षार्थीहरुले रु.२५००।- (अक्षरेपी दुई हजार पाँचसय मात्र) र आंशिक परीक्षार्थीहरुले रु.२०००।- (अक्षरेपी दुई हजार मात्र) । विद्यार्थीहरुले अनलाइन फाराम भर्ने बेलामा e-Sewa अथवा Khalti मार्फत आवेदन दस्तुर तिर्नुपर्ने छ र जम्मा भईसकेको दस्तुर फिर्ता नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।
- परीक्षार्थीहरुले अनलाइन परीक्षा फाराम भर्दा विषयको शीर्षक र कोड नं. शुद्ध र स्पष्टसँग भर्नुपर्ने छ । यदि अनलाइन फाराम भर्दा कुनै समस्या भएमा सम्वन्धित विभाग/क्याम्पसमा सम्पर्क राख्नुपर्ने छ ।
- परीक्षार्थीहरुले त्रि.वि. रजिष्ट्रेसन नं. अनिवार्यरुपमा अनलाइन फाराममा उल्लेख गरेको हुनुपर्ने छ अन्यथा त्रि.वि. रजिष्ट्रेसन नं. नभएका परीक्षाथीहरुको परीक्षा फाराम मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।
- सम्वन्धित क्याम्पस/कलेजहरुले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्याङ्कनको प्राप्ताङ्क र हाजिरी विवरण (स्थानान्तरण भइ आएका विद्यार्थीहरुको हकमा प्राविधिकसँगको समन्वयमा) परीक्षा फाराममा अनलाइन मार्फत भर्नुपर्ने छ ।

डा. चिरञ्जीवी आचार्य
सहायक डीन

कीर्तिपुर, काठमाडौं, नेपाल । टेलिफोन: +(९७७-१) ४-३३०३५८, ४-३३३९८०, ४-३३५१०४, ५-९०२३६८
E-mail: support@tufohss.edu.np Website: www.tufohss.edu.np

Scanned with CamScanner